

# पहिरोबाट बचौँ, बचाऔँ

पहिरोले हरेक वर्ष पहाडका गाउँ बस्तीमा व्यापक क्षति पुऱ्याउँछ । होशियारी अपनाउने हो भने पहिरोबाट बच्न सकिन्छ, बचाउन सकिन्छ।

| ८१८ | ६८८ | २४१ |
|---|---|---|
| मृत्यु | घाइते | बेपत्ता |

२०६८-२०७५ सालमा पहिरोबाट भएको मानवीय क्षति । *स्रोत: गृह मन्त्रालय*

## पहिरोबाट बच्ने पूर्व-तयारी

- माटो बगिरहने भिरालो जमिनमा घर नबनाऔँ ।
- घर बनाउनुअघि घडेरीको माटो विज्ञबाट जाँच गराऔँ ।
- एक पटक पहिरो गइसकेको ठाउँमा फेरि-फेरि पहिरो जान सक्छ । यसैले, घर बनाउन लागेको ठाउँमा पहिले पहिरो गएको छ-छैन बुझौँ । पहिले आएको पहिरोको थुप्रो (डेब्रिस फ्यान) रहेको ठाउँमा घर बनाउनु अत्यन्तै जोखिमपूर्ण हुन्छ ।
- भिरालो ठाउँमा घर बनाइएको छ भने खाली ठाउँमा जरा बलियो भएका रूख बिरूवा रोपौँ, वरपर रिटेनिङ वाल लगाऔँ र घरमाथि र वरिपरि पानीको निकास सर्लक्क तर्काऔँ ।
- घरपछाडि वा दायाँ बायाँ कमलो माटोको ठूलो कान्लो अथवा ढिस्को छ भने त्यहाँ रिटेनिङ वाल बनाऔँ ।
- लगातार पानी परिरहेको छ भने राति चनाखो बनौँ । पहिरो आउने शंका लागेमा सुरक्षित स्थानमा आश्रय लिऔँ ।
- आफ्नो घर वरपर पहिरो जान सक्ने सम्भावित ठाउँको पहिचान गरौँ । पहिरोका पूर्व संकेत देखिएको अवस्थामा भाग्ने बाटोसहितका सुरक्षित ठाउँ पहिले नै पहिचान गरी संकेत गरेर राखौं ।
- खहरे वा ठाडो खोल्साबाट नजिकै घर, गोठ नबनाऔँ ।
- बर्खाको बेला घरमाथिका सडक बाटोहरूका ढल, निकास खोल्सा खोल्सीहरु थुनिएको छ-छैन हेरौँ। थुनिएका निकासहरु खोलौँ र बस्तीतर्फ भल पस्नबाट रोकौँ । पक्की नाला बनाएर पानी तर्काऔँ ।
- बलिष्ठ स्वयंसेवी युवायुवतीको समूह बनाएर संकटको बेलामा कसरी आफू जोगिने र अरूलाई जोगाउने भनेर पूर्वाभ्यास गर्ने गरौं ।



## पहिरोका पूर्व संकेतहरू

- प्रायः सुक्खा रहने भिरालो जमिन पानी नपर्दै रसाउनु ।
- जमिन भुक्क फुल्नु, भासिनु, चिरा पर्नु, धाँजा फाट्नु ।
- जमिनमा पहिलेदेखि नै रहेको चिरा वा धाँजा फराकिलो हुँदै जानु ।
- रूख, बिजुलीको पोल वा घरका खाँबा ढल्किनु ।
- घरको भित्ता, पर्खालमा चिरा देखिनु र बढ्दै जानु ।
- घरका झ्याल ढोका बाङ्गिनु र खोल्न गाह्रो हुनु ।
- जरूवा पानीको मूल सुक्नु, वा जमिनभित्रबाट पलाउने पानी धमिलो हुनु ।
- रूख ढल्दै, ढुङ्गा-माटो सोहोरिँदै आएको जस्तो आवाज आउनु ।
- जमिन मुनिबाट चट्टान फुटेकोजस्तो कट्कट् आवाज आउनु ।
- जमिन थर्केको जस्तो हुनु ।

## पहिरो आउने संकेत पाए के गर्ने ?

- नआत्तिने, तर जतिसक्दो चाँडो सुरक्षित स्थानतिर जाने ।
- सामान जोगाउनतिर नलाग्ने, आफू र आफ्नो परिवारलाई सुरक्षित स्थानतिर लैजाने ।
- खोल्सी बग्ने तर्फ नभाग्ने, दायाँ वा बायाँ अग्लो ठाउँतिर भाग्ने । पहिले नै पहिचान गरिएका सुरक्षित स्थानतर्फ भाग्ने ।
- आफ्नो क्षेत्र तथा माथिल्लो भेगमा ठूलो पानी परेको अवस्थामा राति कमसेकम एक जना जागै बस्ने ।





## पहिरो आए के गर्ने ?

- पहिरो आएको ठाउँबाट जतिसक्दो टाढा सुरक्षित ठाउँतर्फ जाने । किनकि, त्यहीँ फेरि अर्को पहिरो जान सक्छ ।
- छिमेकी, प्रहरी र प्रशासनलाई खबर गर्ने ।
- पहिरो वा भल, बाढी बग्ने तल्लो भेगका बासिन्दालाई खबर गर्ने ।
- कोही पहिरोमा पुरिएको छ कि भनी हेर्ने, र त्यसको जानकारी उद्धारकर्मीलाई दिने ।
- पहिरोमा घाइतेलाई प्राथमिक उपचार गरी तुरुन्त स्वास्थ्य संस्था लैजाने ।

## कस्तो ठाउँमा पहिरोको जोखिम बढी ?

- पुरानो पहिरोको थुप्रो (डेब्रिस फयान) गइसकेको ठाउँ
- भिरालो जमिन
- पानीले भित्र भ्वाङ पारेको जमिन
- डोजर लगाएर सडक खनेको पहाडको छेउछाउ
- पानीको प्राकृतिक बहाव वा खोल्सा खोल्सि अवरोध गरेर निर्माण गरिएका ठाउँ

**विपद्‌बारे चासो राखौँ, चनाखो बनौँ ।**

राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
गृह मन्त्रालय